बालश्रममुक्त समृद्ध नेपाल अभियान
नागरिक संस्थाहरुको साझा अवधारणा ।

# दिगो विकास लक्ष्य ८.७ का लागि नागरिक मञ्च

**मञ्चमा आवद्ध संजाल तथा संस्थाहरू**

**संजाल**: एटवीन, फ्लेग र एनसिपिए

**सामाजिक सस्थाहरूः** आसमान नेपाल, बिश्वास नेपाल, सिविस, सिविन, सिडव्लुएस, सिएसएन, डिएचआरडब्लुसी, डिडव्लुएफ, फाया नेपाल, हुरेक, लुनिभा, चाइल्डकन्सर्न, गुडविभ फाउण्डेसन, रुसुफ नेपाल, स्वतन्त्रता अभियान, शक्ति समुह, थारु महिला उत्थान केन्द्र, याभ नेपाल र वाइसिएन

निरन्तर प्रयत्नहरूका बाबजुद पनि नेपाली समाजमा बालश्रम विद्यमान रहनु र लाखौं बालबालिका बालश्रमको जोखिममा रहनुले नेपालमा बालश्रम अन्त्यका लागि थप प्रभावकारी, व्यापक र प्रत्यक्ष कारणहरूलाई सम्बोधन गर्ने कार्यक्रम सञ्चालन गर्न जरुरी रहेको पुष्टि हुन्छ । नेपालका तिनै तहका सरकारहरूबाट बालश्रम निवारणमा समन्वयात्मक ढंगले प्रभावकारी नीति तथा कार्यक्रमहरू सञ्चालन गर्न जरुरी रहेको सन्दर्भमा नागरिक संस्थाहरूको साझा मञ्च, दिगो विकास लक्ष्य ८.७ का लागि नागरिक मञ्च र यस मञ्चमा आवद्ध नागरिक संस्था र सञ्जालहरूले ट्रेड युनियनहरू समेतको परामर्शमा यो नीतिगत पैरवीपत्र प्रकाशन र वितरण गरेका हुन् ।

## १. पृष्ठभूमि

बालश्रम निवारणको क्षेत्रमा नेपालले विगतको तुलनमा सुधार गरेको छ । सन् २००८ को श्रमशक्ति सर्वेक्षणमा १६ लाख बालश्रमिकहरू रहेको तथा करिब ६ लाख बालश्रमिकहरू जोखिमपूर्ण श्रममा रहेको अवस्था थियो भने नेपाल बालश्रम प्रतिवेदन २०२१ अनुसार नेपालमा करिब ११ लाख बालबालिका श्रममा संलग्न रहेको जनाइएको छ । यसमध्ये पनि करिब २ लाख बालबालिका जोखिमपूर्ण बालश्रममा संलग्न रहेका छन् । १४ देखि १७ वर्ष उमेर समूहका बालबालिकाको कुल जनसंख्यामध्ये १० प्रतिशत सङ्ख्या बालश्रममा रहेको देखिए पनि ५ देखि १३ वर्ष उमेर समूहका बालबालिकामध्ये १८ प्रतिशत सङ्ख्या बालश्रममा रहेको देखिन्छ । नेपालको कानूनले १४ वर्षभन्दा कम उमेरका बालबालिकालाई श्रममा लगाउन पूर्ण निषेध गरे पनि अभ्यासमा १४ वर्षभन्दा कम उमेरका झन्डै १८ प्रतिशत बालबालिका बालश्रममा देखिनु उपयुक्त होइन । बालश्रममा रहेकामध्ये ८७ प्रतिशत बालश्रमिकहरू कृषि क्षेत्रको श्रममा संलग्न छन् भने १३ प्रतिशत बालश्रमिकहरू अन्य श्रमक्षेत्रमा रहेको केन्द्रीय तथ्यांक विभागबाट प्रकाशित नेपाल बालश्रम प्रतिवेदन २०२१ को तथ्याङ्कले देखाउँछ ।

नेपालले सन् २०२५ सम्ममा सबै प्रकारका बालश्रमको अन्त्य गर्ने दिगो विकास लक्ष्यको कार्यान्वयनमा अग्रपङ्क्तिमा रही कार्य गर्ने प्रतिबद्धताका साथ एलायन्स ८.७ को सदस्य बनेको छ । नेपाल बालश्रम निवारणका सन्दर्भमा विश्वका केही मार्गदर्शक राष्ट्रमध्ये एक रहेको छ ।

## २. कानूनी तथा नीतिगत व्यवस्था

नेपालको संविधानले बालश्रमलाई पूर्णतया निषेधित तथा दण्डनीय प्रावधानको व्यवस्था गरेको छ । संविधानको मौलिक हकमा शोषणविरुद्धको हक, मर्यादित श्रमको हक, उचित रोजगारीको हक, बाध्यकारी श्रम तथा बालश्रमबाट संरक्षणको हक र क्षतिपूर्तिको हकको व्यवस्था गरिएको छ । राज्यका नीतिअन्तर्गत श्रमलाई मर्यादित र सुरक्षित बनाउने तथा सबै प्रकारका बालश्रमको अन्त्य गर्न राज्यले नीति तथा कार्यक्रम तर्जुमा गर्ने र कार्यान्वयन गर्ने उल्लेख गरिएको छ ।

संविधानको मौलिक हकको कार्यान्वयनका सन्दर्भमा नेपाल सरकारले श्रम ऐन, २०७४ बालश्रम निषेध र नियमित गर्ने ऐन, २०५६ तथा बालबालिका सम्बन्धी ऐन, २०७५ का साथै मुलुक देवानी संहिता, २०७४ लागु गरेको छ । साथै, कमैया श्रम निषेध गर्ने सम्बन्धी ऐन, २०५८ अपराध पीडितको हक संरक्षण गर्ने ऐन, २०७५ मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण ऐन, २०६४ र मुलुकी अपराध संहिता, २०७४ पनि बालश्रमका सन्दर्भमा आकर्षित हुने राष्ट्रिय कानूनहरू रहेका छन् ।

**बालश्रमको सन्दर्भमा नागरिक संस्थाहरुले प्रस्तावित गरेको परिभाषा**

तलका मध्ये कुनै एक वा एकभन्दा बढी अवस्थामा रहेको बालबालिकालाई बालश्रममा संलग्न बालबालिका भन्न सकिन्छ :

- आफ्नो घर परिवारबाहेक अन्य तेस्रो व्यक्तिको घरमा आर्थिक आर्जन वा अन्य सुविधाका निम्ति श्रम गर्ने बालबालिका ।
- आफ्नै घर परिवारको व्यवसायमा साप्ताहिक रुपमा १४ घण्टाभन्दा बढी काम गर्ने बालबालिका ।
- जुनसुकै स्थानमा शिक्षाको अवसरबाट बञ्चित गरी, शारिरिक जोखिमत तथा नैतिक हानी हुने प्रकृतिका काममा संलग्न गराइएका बालबालिका ।
- कानूनबमोजिम बालबालिकाको लागि जोखिमपूर्ण भनी पहिचान भएका व्यवसायीक क्षेत्र तथा उद्योग वा काममा लगाइएका बालबालिका ।

नेपाल बालश्रम तथा बाध्यकारी श्रम निर्मूलन सम्बन्धी अन्तर्राष्ट्रिय श्रम सङ्गठनका महासन्धिहरू २९, १०५, १३८ तथा १८२ को पक्ष राष्ट्र हो । साथै, संयुक्त राष्ट्र संघको बालअधिकार महासन्धि, १९८९ तथा आर्थिक, सामाजिक, साँस्कृतिक अधिकार सम्बन्धी महासन्धि, १९६६ को पक्ष राष्ट्र पनि रहेको छ । यी अन्तर्राष्ट्रिय कानूनहरूले पक्षराष्ट्रहरूलाई बालश्रम तथा बाध्यकारी श्रमनिवारणका लागि पर्याप्त, प्रभावकारी तथा बालमैत्री कदमहरू चाल्नका लागि निर्देशित गर्दछ । नेपालको सन्धि ऐन, २०४८ अनुसार नेपाल पक्षराष्ट्र भएका अन्तर्राष्ट्रिय कानूनहरू नेपाली कानून सरह लागु हुन्छन् ।

नेपालले बालश्रम अन्त्यका लागि दोस्रो राष्ट्रिय गुरुयोजना (२०७५ देखि २०८५) कार्यान्वयनमा ल्याएको छ भने श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय अन्तर्गत एलायन्स ८.७ सचिवालयको स्थापना गरी सञ्चालनमा पनि ल्याएको छ ।

यद्यपी, नेपालका नीतिगत र कानूनी व्यवस्थाहरूमा विभिन्न अन्यौलताहरू देखिएको छ । यी अन्यौलताहरूलाई बुँदागत रुपमा निम्नानुसार उल्लेख गर्न सकिन्छ :

- अनिवार्य शिक्षा, बालश्रम, बालअधिकार, मानव बेचबिखन तथा ओसारपसार र बाध्यकारी श्रम सम्बन्धी कानूनी व्यवस्थाहरूमा एकआपसमा एकरुपता देखिएको छैन । बालश्रम, बाध्यकारी श्रम तथा मानव बेचबिखन तथा ओसारपसारका घटनाहरूलाई कानूनी रूपमा एक अर्कासँग अन्तरसम्बन्धित गरी नहेरिएका कारण बाध्यकारी श्रम र मानव बेचबिखन तथा ओसारपसारका घटनाहरूमा दण्डहिनता र बेवास्ता हुन पुगेको छ ।
- बालश्रम सम्बन्धी नेपालको कानूनी परिभाषा कुनै पनि कानूनमा उल्लेख गरिएको छैन । परिणामतः नेपाली परिवेशको र अन्तर्राष्ट्रिय मापदण्ड अनूकुलको बालश्रम सम्बन्धी राष्ट्रिय परिभाषा र बुझाइमा एकरुपता आउन सकेको छैन । यसका कारण बालश्रमको पहिचान, तथ्यांक संकलन र सम्बोधनमा अन्यौलताहरू देखिएका छन् ।
- बालश्रमिकहरूको जन्मदर्ता, निरन्तर शिक्षा, पारिवारिक पहिचान र पूनर्मिलन तथा क्षतीपूर्तीका कानूनी व्यवस्थाहरू उल्लेख नगरिंदा बालश्रमिकहरू पहिचानविहिन र आफुले भोगेको अपराधको क्षतीपूर्तीबाट बञ्चित हुन परिरहेको छ ।

## ३. नेपालमा बालश्रमका प्रमुख कारणहरू

आमरूपमा बालश्रम रहिरहनुका पछाडि पारिवारिक गरिबी र जनचेतनाको अभावलाई मुख्य मानिएको छ । तथापि, पारिवारिक गरिबी र चेतना मात्र यस पछाडिका कारण भने होइनन् । विद्यमान संरचनामै पनि प्रक्रिया तथा प्रणालीगत समस्या र नियमन गर्ने सवालमा देखिएको जटिलताहरूका कारण पनि नेपालमा बालश्रम विद्यमान रहनुका कारणहरू हुन् । बालश्रम अभ्यासका निरन्तरताका केही मुख्य कारणहरूका बारेमा तल चर्चा गरिएको छ :

### क) विद्यालय शिक्षामा पहुँच र निरन्तरताको समस्या

केही बालबालिका विद्यालय शिक्षामा पहुँच, निरन्तरता र गुणस्तरीय शिक्षा पाउनबाट वञ्चित छन् । जसको कारण नेपाली बालबालिका सानै उमेरदेखि नै श्रममा संलग्न हुने जोखिममा रहेका छन् । उचित विकल्पको व्यवस्थाबिनै विद्यालयहरू गाभिएका कारण आर्थिक रूपले विपन्न परिवारका बालबालिका टाढाको विद्यालयमा अध्ययन गर्न जान सकिरहेका छैनन् । अर्कोतर्फ, विद्यालय शिक्षासँगै जोडिएका अप्रत्यक्ष शुल्कहरू (स्टेसनरी, पोशाक र खाजा) लगायतको जोहो गर्न नसक्दा धेरै बालबालिकाले विद्यालय छाड्न बाध्य छन् । त्यस्तै, विद्यालय शिक्षापछिको उच्चशिक्षामा सहभागी हुन सहज नभएका बालबालिकाका हकमा प्राविधिक शिक्षामा पहुँच नभएका कारण पनि विद्यालय तहबाटै विद्यालय छाड्ने गरेका छन् । सचेतना र पहुँच दुबैबाट वञ्चित भएका बालबालिका यसरी विद्यालय छाड्नेभित्र परेका छन् । यसले उमेरको सुरु अवस्थाबाटै बालबालिका बालश्रम र बालविवाहको जोखिममा धकेलिन पुगेका छन् ।

### ख) बालबालिकाको लागि मैत्रीपूर्ण र सहयोगी तथा सुरक्षित परिवारको अभाव

नागरिक संस्था तथा श्रमिक संगठनहरूले बालश्रमिकहरूसँग कार्य गरेको अनुभवमा परिवारमा रहेको हिंसा, दुर्व्यवहार तथा कुलत र द्वन्दका कारण पनि बालबालिकाहरू सानै उमेरमा घर छाड्ने र बालश्रममा संलग्न हुने गरेको पइएको छ । पछिल्लो समय सूचना प्रविधिको पहुँच र सामाजिक सञ्जालमा उपलब्ध हुने सम्पर्क र चिनजानबाट धेरै बालबालिका संगठित रुपमा बालबालिकालाई बाध्यकारी श्रम तथा यौन दासत्वका लागि बेचबिखन तथा ओसारपसार गर्ने गिरोहको शिकार भइरहेको पाइन्छ । परिवारमा सहयोगी, सुरक्षित र मैत्रीपूर्ण वातावरण नहुनु तथा बालबालिकाप्रति अविभावकीय दायित्वको कार्यान्वयनमा रहेको कमीकमजोरीका कारण बालबालिका श्रममा संलग्न हुन पुगेको पाइएको छ ।

### ग) अनौपचारिक श्रम व्यवस्थापनको अभाव

नेपालको श्रमशक्ति सर्वेक्षण, २०१८ को प्रतिवेदन अनुसार कुल श्रम क्षेत्रको ६२.२ प्रतिशतभन्दा बढी हिस्सा अनौपचारिक श्रम क्षेत्रको रहेको छ । यद्यपी रोजगारीका दृष्टिले भने केवल १५ प्रतिशत रोजगारी मात्र औपचारिक रोजगारी र ८५ प्रतिशत अनौपचारिक रोजगारीका रुपमा रहेका छन् । अनौपचारिक श्रमिकहरू न्यूनतम श्रममापदण्ड, कानून बमोजिमको सुविधा तथा सामाजिक सुरक्षाको दायराभन्दा बाहिर छन् । बालश्रममध्ये पनि ८७ प्रतिशत हिस्सा अनौपचारिक श्रम क्षेत्रमै रहेको छ । अनौपचारिक श्रम क्षेत्रका श्रमिकका बालबालिका नै पुनः जोखिमपूर्ण र शोषणमूलक श्रमसम्बन्धमा पर्ने गरेका छन् । नेपालको श्रम ऐनले अनौपचारिक तथा औपचारिक दुबै क्षेत्रका श्रमिकहरूमाझ समान श्रम मापदण्ड लागु गरिसकेको सन्दर्भमा

अनौपचरिक श्रमक्षेत्रको नियमन र व्यवस्थापन हुन नसक्दा बालश्रम तथा शोषणमूलक श्रम अभ्यासहरू अझैसम्म पनि भइरहेको पाइन्छ । अनौपचारिक क्षेत्रका श्रमिकहरूको पहिचान, पञ्जीकरण र सामाजिक सुरक्षामा पहुँच नहुँदा अनौपचारिक श्रमक्षेत्र अमर्यादित, शोषणयुक्त नै बन्दै गइरहेको छ ।

### घ) व्यावसायिक उत्तरदायित्वको कार्यान्वयन र अनुगमनको अभाव

बालश्रम अन्त्यका लागि महत्वपूर्ण तथा प्रभावकारी भूमिका उद्यमी तथा व्यावसायिक प्रतिष्ठानहरूको हुने गर्दछ । यद्यपि, औपचारिक उद्योग तथा व्यावसायिक कार्यस्थल र व्यवसायस्थलमा बालश्रमको प्रयोग लगभग शून्य प्रायः छ, उद्योग तथा व्यवसायको आपूर्ति शृंखलामा भने बालश्रमको प्रयोग व्यापक रहिरहेको पाइएको छ । १० भन्दा बढी कामदार रहेका व्यावसायिक निकाय तथा उद्यमीहरूले अनिवार्य श्रम अडिट गर्नुपर्ने व्यवस्था रहे पनि उक्त श्रम अडिटले बालश्रम, आपूर्ति शृंखला, श्रमिकहरूको बालबालिकाका लागि उपलब्ध हुनुपर्ने सुविधाहरूका बारेमा सम्बोधन गर्न सकेको छैन । श्रमअडिटको सही पाठ्यक्रम तथा अनूमति परीक्षा प्रणाली अझैसम्म पनि अभ्यासमा आएको छैन । यसका कारण श्रमआपूर्ति शृंखलामा रहेका बाध्यकारी तथा शोषणमूलक बालश्रमका अभ्यासहरूप्रति उद्यमी तथा व्यवसायीहरू जिम्मेवार बन्न बनाउन सकिएको छैन ।

### ङ ) श्रम व्यवस्थापन र नियमनमा स्थानीय तहको भूमिका न्यून हुनु

नेपालको संविधानले श्रम व्यवस्थापनको अधिकार प्रदेश र संघको साझा अधिकार सूचिमा राखेको छ। विशेष गरी औपचारिक श्रमक्षेत्रको व्यवस्थापन तथा श्रमिकहरूको सामाजिक सुरक्षा व्यवस्थापनका दृष्टिले यस्तो व्यवस्था गरिनु उपयुक्त होला तर अनौपचारिक श्रमक्षेत्रका श्रमिकहरूको न्यूनतम ज्याला व्यवस्थापन, कार्यान्वयन, पञ्जीकरण र श्रमसम्बन्ध सम्बन्धी उजुरीको सुनवाइ लगायतका विषय भने स्थानीय तहमा बढी व्यावहारिक र प्रभावकारी हुने श्रमिक संगठन तथा नागरिक संस्थाहरूको अनुभव रहेको छ ।

नेपाल सरकारले प्रत्येक स्थानीय तहमा रोजगार संयोजकको व्यवस्था गरेको छ। स्थानीय तहमा रोजगार संयोजकको व्यवस्था गर्नुले रोजगारी र श्रमसम्बन्धलाई स्थानीय तहमा नै व्यवस्थापन गर्नु उपयुक्त हुने कुरालाई स्वीकार गरिएको मान्न सकिन्छ। तर विद्यमान कानूनी व्यवस्थाले स्थानीय तहलाई बालश्रम अनुगमन, नियमन र उद्धार तथा संरक्षणको कुनै जिम्मेवारी र दायित्व प्रदान गरेको छैन ।

अर्कोतर्फ बालश्रम अनुगमन, नियमन र उद्धार तथा संरक्षणको जिम्मेवारी प्राप्त श्रम तथा रोजगार कार्यालय मुलुकभर जम्मा ११ वटा मात्र रहेको छ । यसमा पनि पर्याप्त जनशक्ति रहेको छैन । यसका कारण बालश्रमको अनुगमन, उद्धार र कारबाही तथा सुनवाइ अत्यन्तै कम भइरहेको छ। बालश्रमिकको उद्धार, संरक्षण र व्यवस्थापन गर्न अधिकार प्राप्त निकाय बालबालिका खोजतलास सेवा (१०४) केवल काठमाडौं केन्द्रित छ भने बालबालिकालाई आपतकाकालिन सहायता तथा परामर्श गर्ने निकाय बाल हेल्पलाइन सेवा (१०९८) केवल १८ वटा स्थानमा मात्र सञ्चालित छन् । बनेका यस्ता केन्द्रहरू पनि स्रोत, साधन र जनशक्तिका दृष्टिले सबल, प्रभावकारी र पर्याप्त छैनन् ।

### च) बालश्रम विरोधी सचेत उपभोक्ता समूहको अभाव

नेपाली उपभोक्ता बजार नवउदारवादी बजार व्यवस्थाका कारण सस्तो मूल्यका सेवा र उत्पादनप्रति आकर्षित छन् । उत्पादन र उपलब्ध सेवाहरू पर्यावरणीय, सामाजिक तथा स्वास्थ्यका दृष्टिले उपयुक्त रहे/नरहेप्रति जिम्मेवार र सचेत छैनन् । उपभोक्ताको सस्तो उत्पादन र सेवाको माग, व्यवसायीको तुलनामा उपभोक्ताको कमजोर सामाजिक, आर्थिक हैसियत भएका कारण उपभोक्ताहरूले उत्पादन र सेवाको गुणस्तरीयता, मूल्य र सामाजिक तथा पर्यावरणीय दायित्वप्रति प्रश्न गर्न सकिरहेका छैनन् । सङ्गठित, सचेत र जिम्मेवार उपभोक्ता समूहको विस्तार र व्यवहार परिवर्तन तथा बालश्रमविरोधी अभ्यास नभएका कारण विभिन्न उद्योग तथा व्यवसायमा देखिएको बालश्रम सामाजिक रूपले बहिष्कृत हुन सकिरहेको छैन, सामाजिक रुपले स्वीकार्य रहेको अवस्था छ, जुन समृद्धी र लोकतान्त्रिक सभ्यताका निम्ति दुःखद् विषय हो ।

### छ) बालबालिकाको सहभागिताको बेवास्ता

बालश्रम निवारण तथा बालअधिकार संरक्षण संवर्द्धनका कार्यक्रमहरू मूलतः वयश्क र विज्ञहरूद्धारा निर्देशित हुने गरेका छन् । बालश्रम तथा जोखिममा रहेकाको अनुभव स्वयं बालबालिका र उनीहरूका साथीहरूले बढी बुझेका हुन्छन् । उनीहरूसँग जो

निकटस्थ छन् तिनीहरूसँग नै जीवन्त अनुभव रहेको हुन्छ । समस्या समाधानका लागि के गर्दा उनीहरूको अवस्था सुधार हुनसक्छ र जोखिम न्यूनीकरण गर्न सकिन्छ भन्ने उपयुक्त उत्तर स्वयं बालश्रमिक, पूर्वबालश्रमिक वा बालबालिकाबाट नै प्राप्त हुनसक्छ । तर, नेपालमा सञ्चालनमा रहेका बालश्रम निवारण सम्बन्धी नीति तथा कार्यक्रमहरूले बालबालिकाको विशेष गरी श्रमिक बालबालिकाको सहभागिता र नेतृत्वलाई बेवास्ता गरेको पाइन्छ । परिणामस्वरूप बालश्रम निवारणका प्रयत्नहरू सही ढंगले निर्माण नगरिएको र परम्परागत भाष्यमा मात्र आधारित हुनपुगेका छन् । आफ्ना सरोकारका विषयमा विचार अभिव्यक्त गर्न र निर्णय प्रक्रियालाई प्रभावित गर्न पाउनु बालबालिकाको संवैधानिक मौलिक हक पनि हो । बालश्रमिक र अन्य सिमान्तकृत बालबालिकाको सहभागितालाई बेवास्ता गरिएका कारण बालश्रम निवारणका योजना र कार्यक्रमहरू यथार्थभन्दा बाहिर र कम प्रभावकारी भइरहेका छन् । साथै, नयाँ पुस्तामा बालश्रम विरोधी चेतना र परिवर्तनको अगुवाइ गर्ने प्रोत्साहन पनि प्राप्त भइरहेको छैन । यसतर्फ सचेत पहलकदमी लिन जरुरी देखिन्छ ।

### ज) विपन्न तथा गरिब लक्षित सामाजिक सुरक्षा कार्यक्रमको अभाव

सामाजिक सुरक्षा, संरक्षण तथा सहायतालाई नेपालको संविधानले मौलिक हकको रूपमा अङ्गीकार गरेको छ । सोही अनुरूप तिनै तहका सरकारहरूले विभिन्न किसिमका सामाजिक सहायता तथा सामाजिक सुरक्षा सम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्दै आइरहेका छन् । तर अधिकांश यस्ता सामाजिक सुरक्षा सम्बन्धी कार्यक्रमहरू नगद वितरणमा आधारित छन् । सामाजिक सुरक्षा कार्यक्रमलाई उत्थानशील जोखिम समूह लक्षित, गरिब केन्द्रित र तत्काल उपलब्ध हुने गरी सहज वितरण हुने किसिमले सञ्चालन गर्न जरुरी छ । बालश्रम न्यूनीकरणका लागि विशेष गरी गरिब र गरिबीको वास्तविकता पहिचान गर्न आवश्यक देखिन्छ । गरिब परिवार लक्षित आयमूलक सीप, रोजगारी र व्यवसाय सहायता सम्बन्धी योजना, विद्यालयमा आधारित आपतकालिन शैक्षिक सहायता योजना र विपदमा बालबालिका केन्द्रित खाद्यान्न, पोषण, निरन्तर शिक्षाका कार्यक्रमहरू बढी प्रभावकारी देखिएका छन् । यस्ता कार्यक्रमहरूको सङ्ख्या पर्याप्त नहुनु, सामाजिक सहायता वितरणमा राजनीतिक प्रभाव र हस्तक्षेप हुनु वा पक्षधरता रहनु साथै सामाजिक सहायता प्राप्तिको झन्झटिलो विधि-प्रक्रिया र मापदण्डका कारणले गरिबी, जोखिममा रहेका बालबालिका सामाजिक सहायता तथा सामाजिक सुरक्षाबाट बञ्चित भई बालश्रमको जालोमा परेका बढी मात्रामा पर्ने गरेका छन् ।

## ४. बालश्रमले सृजना गरेका असरहरू

नेपालमा बालश्रमका कारण आर्थिक तथा सामाजिक रूपमा धेरै नकारात्मक असरहरू परेका छन् । तत्कालका लागि परिवारमा आर्थिक विकल्पको उपलब्धता, श्रमबजारमा श्रमिकको उपलब्धता र अत्यन्तै कठिन परिस्थितिमा रहेको बालबालिकालाई नाना, खाना र छानाको अवसर प्राप्त भएजस्तो देखिए पनि त्यसले दीर्घकालमा नेपालको समृद्धी, अर्थतन्त्र, सामाजिक विकास, मानव विकास र अन्तर्राष्ट्रिय छवीमा भने गम्भीर नकारात्मक असरहरू पारिरहेको छ । यस्ता केही नकारात्मक प्रभावहरू निम्नानुसार उल्लेख गर्न सकिन्छ -

- **श्रमयोग्य उमेर समूहका लागि रोजगारीको अवसरको न्यूनता:-** वयश्क रोजगारीका क्षेत्रमा बालश्रमको प्रयोगका कारण करिब ११ लाख वयश्कहरूले आंशिक वा पूर्णकालिन रोजगारीका अवसर गुमाउनु परेको देखिन्छ ।
- **सस्तो कामदार र कम ज्याला,औपचारिक अर्थतन्त्रले नसमेट्नु:-** औपचारिक अर्थ प्रणालीभन्दा बाहिरबाट ज्यालाको लेनदेन हुने गरेका कारण राज्यको अर्थतन्त्रमा अर्बौंको नोक्सानी सृजना भएको छ । यसले राजश्व, सामाजिक सुरक्षा र बजारमा हुने नगद प्रवाहलाई समेत नकारात्मक असर गरेको छ । सँगसँगै योग्य श्रमदाता कम ज्यालाका कारण कमसल श्रमदाताबाट विस्थापित हुँदा विकास निर्माणका कामहरू पनि कम गुणस्तरीय र दिगो नहुने गरेका छन् ।
- **शिक्षा लिने उमेरदेखि आर्जन गर्ने हैसियतसम्मै असमानता:-** बालश्रमका कारण शैक्षिक अवसर गुमाएर वा कमजोर शैक्षिक अवसरको उपभोगका कारण श्रमिक बालबालिकाको ज्ञान, सीप र क्षमता विकासको सम्भाव्यताको पूर्णउपभोग हुन सकेको छैन । यसले अधिकांश श्रमिक बालबालिका उमेरको बिहानीदेखि वयश्क र वृद्ध हुँदासम्म नै सिकार हुन पुगेका छन् । सानो उमेरमा सस्तो श्रममा छिर्ने बालश्रमिक पछि गएर अदक्ष वा अर्धदक्ष श्रमिकको रूपमा दर्ज हुन्छन् र उमेरभर मानवीय जीवनको उचाइ आर्जन गर्ने नपाई गरिबकै रूपमा मर्नपुगेको छन् । यस्तो चक्रका कारण राज्यले असल, योग्य र क्षमतावान नागरिक गुमाउनु परिरहेको देखिन्छ ।

- बालश्रमका कारण उत्पन्न व्यवसायजन्य स्वास्थ्य समस्याका कारण स्वास्थ्य क्षेत्रमा राज्यको थप भार सृजना भएको छ भने समयभन्दा अगावै श्रमशक्तिको क्षयीकरण भोग्न बाध्य भएको छ ।
- अपराधमा संलग्न किशोर तथा बालबालिकाको तथ्याङ्क विश्लेषण गर्ने हो भने तीमध्ये अधिकांशको पृष्ठभूमि जोखिमपूर्ण र अमर्यादित बालश्रममा संलग्न भएको पाइन्छ । अर्थात् बालश्रमका अभ्यासका कारण सामाजिक अपराध र विकृतिहरू मौलाउन र फैलन मद्दत पुगिरहेको देखिन्छ ।
- बालश्रममा संलग्न बालक र बालिका बालविवाहको सिकार हुने सम्भावना अधिक रहेको अध्ययनहरूले पुष्टि गरेका छन् ।
- अदक्ष वा अर्धदक्ष, अस्वस्थ श्रमशक्ति, हिंसा र विकृतिहरूका बिचमा श्रमिक बालबालिकाले गरिबीको दुश्चक्रसहितको जीवन बिताउन बाध्य हुन्छन् । यसबाट उनीहरूको समृद्धि र दिगो सुख प्राप्ति कहिले पनि हुन सक्दैन ।

तसर्थ, बालश्रम केबल निश्चित बालबालिका हिंसाको सिकार हुने वा शोषित हुने मात्र घटना होइन, यसले सिंगो समाज र राष्ट्रलाई आर्थिक, सामाजिक र सभ्यताका दृष्टिले कमजोर बनाउँछ र पछाडि पार्दछ । बालश्रमको नकारात्मक असर सम्बन्धीत श्रमिक बालबालिका र परिवारका साथै सिंगो समाज र राष्ट्रमा समेत फैलिएको हुन्छ ।

## ५. बालश्रम निवारणका लागि के गर्न जरुरी छ ?

समृद्ध नेपाल र सुखी नेपालीको राष्ट्रिय आकांक्षा पुरा गर्न बालश्रमबाट मुक्ति प्रमुख पूर्व शर्तहरूमध्ये एक हो । बालश्रममुक्त समृद्ध नेपाल र सुखी नेपाली समाजका लागि निम्न कार्यहरू अघि बढाइनु जरुरी छ-

### क) नीतिगत परिमार्जन र एकरूपता

नेपालको विद्यमान कानूनी व्यवस्थाहरू बालश्रम निवारणका सम्बन्धमा अपर्याप्त रहेका छन् । केही कानूनी व्यवस्थाहरू बालश्रम न्यूनीकरणका दृष्टिले त्रुटिपूर्ण पनि रहेका छन् । नेपालको संघीय कानूनमा रहेका यी व्यवस्थाहरूको परिमार्जन संघ, प्रदेश र स्थानीय तहको बालश्रम निवारण सम्बन्धी नीति र कार्ययोजना आजको मुख्य आवश्यकता हो । यसका लागि निम्नानुसारको नीतिगत परिमार्जन र व्यवस्थापन गरिनु जरुरी छ -

- बालश्रम (निषेध र नियमित गर्ने) ऐन, २०५६ मा बालश्रम र निकृष्ट बालश्रमको स्पष्ट र मापनयोग्य परिभाषा समावेश गरिनु पर्दछ ।
- बालश्रम (निषेध र नियमित गर्ने) ऐन, २०५६ लाई संघीय राज्य व्यवस्था अनुरूप, अनौपचारिक बालश्रमलाई सम्बोधन गर्ने गरी, बालश्रमिकका लागि क्षतिपूर्ति तथा स्थानीय तहको अनुगमन र न्यायिक भूमिका सहितको व्यवस्थाहरू समावेश गरी संशोधन गरिनु पर्दछ ।
- बालश्रममुक्त स्थानीय तह कार्यविधि, २०७७ लाई क्षेत्रगत अवधारणाका आधारमा परिस्कृत गर्दै, बालश्रममुक्त क्षेत्र, उद्योग तथा व्यवसाय प्रवर्द्धन कार्यविधिको रूपमा लागु गरिनु पर्दछ ।
- सातै प्रदेश तथा प्रत्येक स्थानीय तहमा बालश्रम निवारण तथा रोकथाम सम्बन्धी नीति तथा कार्यक्रम निर्माण गरी लागु गरिनु पर्दछ ।
- अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐनमा भएको अनिवार्य शिक्षाको उमेरलाई १३ वर्षबाट बढाइ १५ वर्ष बनाउनु पर्दछ ।
- देवानी संहिताको परिच्छेद १४ को दफा ६४४ मा रहेको घरेलु सहायक सम्बन्धी व्यवस्थालाई परिमार्जन गरी १८ बर्षभन्दा कम उमेरका बालबालिकालाई घरेलु कामदारका रूपमा राख्न नपाइने व्यवस्था थप गर्ने ।
- बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ७ को उपदफा ९ मा रहेको बालश्रम सम्बन्धी व्यवस्थालाई परिमार्जन गरी प्रचलित कानून विपरीत कसैले पनि बालश्रम प्रयोग गर्न गराउन नपाइने व्यवस्था उल्लेख गरिनु पर्दछ ।
- सार्वजनिक खरिद ऐनमा आपूर्तिकर्ता तथा सेवा प्रदायकले अनिवार्य रूपमा बालश्रम र बाध्यकारी श्रमको प्रयोग नगर्ने र नगरेको स्वघोषणा गर्नुपर्ने व्यवस्था समावेश गरिनु पर्दछ ।
- स्थानीय तहहरूले व्यवसाय दर्ता गर्दा, व्यवसायको अनुमति दिने निकायले व्यवसाय अनुमति प्रदान गर्दा अनिवार्य रूपमा बालश्रम र बाध्यकारी श्रमको प्रयोग नगर्ने स्वघोषणा गर्नुपर्ने व्यवस्था सम्बन्धित स्थानीय तह,

प्रदेश र संघका सम्बन्धित कानूनहरूमा समावेश गरिनु पर्दछ ।

**ख) संरचना तथा संयन्त्रहरूको विस्तार र सवलीकरण**

बालश्रमको अनुगमन, नियमन, बालश्रमिकको उद्धार, संरक्षण,व्यवस्थापन र कानूनी कारबाहीका हकमा रहेको विद्यमान सीमिततालाई परिवर्तन गर्न जरुरी छ । यसका लागि निम्न व्यवस्थाहरू लागु गर्नु पर्दछ -

- प्रत्येक स्थानीय तहमा श्रम व्यवस्थापन डेस्कको स्थापना र सो डेस्कमार्फत् अनौपचारिक श्रमिकको पञ्जीकरण, सामाजिक सुरक्षाका साथै बालश्रम अनुगमनका कार्यहरू सञ्चालन गरिनु पर्दछ ।
- स्थानीय तहको न्यायिक समितिलाई बालश्रम सम्बन्धी उजुरीको सुनवाइ गर्ने अधिकार प्रदान गर्ने र सोको लागि क्षमता विकास गरिनु पर्दछ ।
- श्रम अडिटलाई अनिवार्य लागु गर्न देशव्यापी अनुमति प्राप्त श्रम-अडिटरहरूको प्रवर्द्धन गर्ने र श्रम-अडिटमा आपूर्ति शृंखला र बालश्रमको प्रयोगको विषय समेत समावेश गरिनु पर्दछ ।
- बालश्रमको रोकथाम, बालश्रमिकको उद्धार तथा संरक्षण व्यवस्थापनका कार्यका लागि बालबालिका खोजतलास सेवा (१०४) लाई सातै प्रदेशमा र बाल हेल्पलाइन सेवा (१०९८) लाई प्रत्येक जिल्लामा विस्तार गर्न जरुरी छ ।
- बालश्रमको जोखिममा रहेका, बालश्रममा रहेका तथा विद्यालय छाड्ने जोखिममा रहेका बालबालिकालाई तत्काल शैक्षिक सहायता प्रदान गर्न विद्यालय बालसंरक्षण समितिबाट परिचालन हुने गरी विद्यालयमा आपत्कालिन शैक्षिक सहायता कोष स्थापना र परिचालन गर्न आवश्यक छ ।
- प्रत्येक विद्यालय, समुदायमा श्रमिक बालबालिका तथा पूर्वश्रमिक बालबालिकासमेत समावेश रहने गरी बाल क्लबको गठन, बालश्रम तथा जोखिम अनुगमन र सचेतनाका लागि बाल क्लबहरूको सहभागिता र सक्रियता प्रवर्द्धन गरिनु पर्दछ ।

**ग) व्यावसायिक उत्तरदायित्वको प्रवर्द्धन**

बालश्रम निवारणमा व्यवसायीहरूको प्रभावकारी भूमिकालाई मध्यनजर गर्दै उद्यमी तथा व्यवसायीहरूमाझ जिम्मेवार व्यवसाय प्रवर्द्धन गर्नका लागि निम्न कार्यहरू गर्न जरुरी छ -

- उद्यमी तथा व्यवसायीहरूमाझ बालश्रमको प्रयोगको जोखिम र यसबाट पर्नसक्ने असरहरूका बारेमा सचेतना तथा जानकारी गराउने ।
- उद्यमी तथा व्यवसायीहरूमाझ बालश्रम तथा बाध्यकारी श्रमको प्रयोग नगर्ने, श्रम मापदण्डको पालना गर्ने र श्रमिकका बालबालिकाप्रति जिम्मेवार र संवेदनशील रहने प्रतिवद्धतासहितको आचारसंहिता लागु गर्ने ।
- बालश्रममुक्त उद्योग तथा व्यवसायलाई प्रवर्द्धन गर्न विशेष सम्मान, प्रोत्साहन तथा विशेष सुविधा र लाभको व्यवस्था गर्ने ।

**घ) सचेत उपभोक्ता समुदायको प्रवर्द्धन**

उपभोक्ताहरूको सङ्गठित शक्ति र प्रभावबाट बालश्रम निषेधको अभियानलाई प्रभावकारी ढंगले लागु गर्न सकिन्छ । यसका लागि उपभोक्ताहरूमाझ निम्न कार्यहरू सञ्चालन गर्न जरुरी छ -

- उपभोक्ता संस्थाहरूसँगको साझेदारी तथा सहकार्यमा बालश्रम विरुद्ध उपभोक्ता सचेतना र परिचालनका कार्यक्रमहरू सञ्चालन गर्नु उपयुक्त हुन्छ ।
- बालश्रमको प्रयोग भएका उत्पादनहरूलाई बहिष्कार गर्न र सच्याउनका लागि व्यवसाय तथा उद्योगमा उपभोक्ता निगरानी र अनुगमन कार्यक्रमहरू सञ्चालन गरिनु पर्दछ ।
- उद्यमी व्यवसायीहरू समेतको सहभागितामा उपभोक्ता सुनवाइ कार्यक्रम सञ्चालन गरिनु पर्दछ ।

**ङ) श्रमिक सङ्‌गठनहरूसँगको सहकार्य**

बालश्रम निवारण श्रमिक सङ्गठनहरूको महत्वपूर्ण सरोकार हो । एकातर्फ वयश्क रोजगारी संकुचन हुने र अर्कोतर्फ शोषणमूलक श्रम व्यवहारका कारण श्रमिकहरू बालश्रम निवारणका क्षेत्रमा सक्रिय साझेदार हुन् । श्रमिक सङ्गठनहरूसँगको साझेदारीमा निम्न कार्यहरू गर्न जरुरी छ -

- श्रमक्षेत्रमा उचित श्रम अभ्यास र श्रम कानूनको पालना भए/नभएको अनुगमन गर्ने ।
- श्रमिक सङ्गठनका सदस्यहरूमाझ श्रममापदण्ड, कानून, बालश्रमका असर र विकल्प तथा सामाजिक सुरक्षाका योजनाहरूका बारेमा जानकारी दिने ।
- श्रमिकहरूमार्फत् कार्यस्थलमा बालश्रम प्रयोगको विरोध तथा श्रमिकका बालबालिकाको उचित संरक्षण र स्याहार व्यवस्थापनका लागि सामूहिक सौदाबाजी र सामाजिक संवादहरू आयोजना गर्ने ।
- अनौपचारिक श्रमिकहरूलाई पञ्जीकरण, पहिचान तथा सामाजिक सुरक्षामा समावेश हुनका लागि प्रेरित र सहजीकरण गर्ने ।

### च) बालश्रमिक र अन्य बालबालिकाको सहभागिता र नेतृत्व

बालश्रम निवारणका लागि श्रमिक बालबालिका र गैरश्रमिक बालबालिकाको सहभागिता र नेतृत्व प्रवर्द्धन गर्न जरुरी हुन्छ । सहभागिता प्रत्येक बालबालिकाको अधिकार पनि हो । बालश्रम निवारणका लागि श्रमिक बालबालिका र गैरश्रमिक बालबालिकाको सहभागिता र नेतृत्वका लागि निम्न कार्यहरू गरिनुपर्दछ -

- समुदाय तथा विद्यालयमा बन्ने बाल क्लबहरूमा अनिवार्य रूपमा श्रमिक बालबालिका वा जोखिममा रहेका समुदायका बालबालिकाको सहभागिता र नेतृत्व समावेश गर्ने ।
- श्रमिक बालबालिका र गैरश्रमिक बालबालिका बिच अन्तरघुलन कार्यक्रम, संवाद तथा साझा कार्यक्रमहरू सञ्चालन गर्ने ।
- स्थानीय तहको नीति, योजना तथा कार्यक्रम निर्माणका क्रममा श्रमिक तथा गैरश्रमिक बालबालिकासँग प्रत्यक्ष परामर्श गर्ने/गराउने ।
- प्रदेश तथा संघीय तहमा श्रमिक बालबालिकाको समेत सहभागिता रहने गरी वार्षिक रूपमा बाल सभाको आयोजना गर्ने ।
- गैरश्रमिक बालबालिकामाझ श्रमप्रतिको सम्मान, आफ्नो काम आफै गर्ने बानीको विकास तथा श्रमिक बालबालिकासँग गरिने मैत्रीपूर्ण र सहयोगी व्यवहारका बारेमा जानकारी दिने ।

### छ) सामाजिक सुरक्षा र सहायताको विस्तार र प्रभावकारिताको प्रवर्द्धन

जोखिममा रहेका र बालश्रममा रहेका बालबालिकाको परिवारलाई उनीहरूको आवश्यकतामा आधारित सामाजिक सुरक्षा तथा सहायताका कार्यक्रमहरू सञ्चालन गरिनु जरुरी छ । यसरी प्रदान गरिने सामाजिक सहायताका कार्यक्रमहरूमा पहिचान, जन्मदर्ता सहजीकरण, परिवारको खोजी तथा पुनर्मिलन, स्वदेशफिर्ती, घरफिर्ती, परिवारका वयश्क सदस्य लक्षित आयआर्जन, रोजगारी तथा सीपमूलक तालिम तथा व्यवसाय सहायता अनुदान, १५ वर्षभन्दा माथि उमेरका बालबालिका लक्षित निःशुल्क सीप तथा प्राविधिक शिक्षा, शैक्षिक सहायता तथा अनुदान र पारिवारिक पुनर्मिलन नभएसम्म अस्थायी संरक्षण सेवा तथा वैकल्पिक हेरचाहको व्यवस्थाहरू हुन सक्छन् । यसरी प्रदान गरिने सहायताहरू द्रुतगतिमा, कम झन्झटिलो र सरल रूपमा स्थानीय तह वा विद्यालयमार्फत् वितरण गरिने व्यवस्था मिलाउन जरुरी हुन्छ ।

*सबैका लागि सामाजिक न्याय : बालश्रमको अन्त्य ।*


**दिगो विकास लक्ष्य ८.७ का लागि नागरिक मञ्च**

सचिवालय

स्वतन्त्रता अभियान नेपाल, ललितपुर

**प्रकाशन सहकार्य**

Federal Ministry for Economic Cooperation and Development

kinder not hilfe

Aasaman Nepal
√ Education
× Child Labor